# सर्लाही जिल्ला अदालत

सूचना। सूचना।। सूचना।।।

<u>यस अगाडी सूचारू रहेको सेवाः-</u>

१. म्याद थप, पक्राउ अनुमती, कल डिटेलको अनुमती दिने नदिने सम्बन्धी कारवाही र जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धी कार्य गर्ने,

२. अभियोगपत्रसाथ पेश गरिने प्रतिवादीको अनिवार्य रुपमा कोरोना परिक्षण रिपोर्टसाथ अदालतमा अभियोगपत्र पेश भएमा दर्ता गर्ने, अभियोगपत्र पेश भएका अभियुक्तको बयान लिने, थुनछेक सम्बन्धी आदेश गर्ने,

३. बन्दी प्रत्यक्षीकरण सम्बन्धी निवेदन दर्ता र सुनुवाई गर्ने,

४. घरेलु हिंसा सम्बन्धी फिरादपत्र दर्ता र सुनुवाई गर्ने,

५. बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने विषयसँग सम्बन्धित निवेदन दर्ता र सुनुवाई गर्ने,

६. मुद्दा फिर्ता, मिलापत्र सम्बन्धी कार्य गर्ने,

७. सेवा प्रवाह स्थगन भएको अवधिमा मुद्दा, रिट तथा निवेदनहरुमा रहेको हदम्याद, म्याद र तारेख नगुज्रने,

८. अदालतको सेवा लिन आउँदा स्वास्थ्य सुरक्षा सतर्कता अपनाउनु पर्ने,

<u>अर्को सूचना प्रकाशित नभएसम्म मिति २०७८/०३/१६ देखि देहायका सेवाहरू थप गर्नेः-</u>

१. दैनिक ५ वटा सम्म फिरादपत्र दर्ता, निषेधाज्ञाको निवेदन दर्ता र सुनुवाई गर्ने,

२. दैनिक ५ वटा सम्म विशेष प्रकृतिका निवेदनहरू दर्ता र सोको कारवाही गर्ने,

३. दुनियाँवादी भई दर्ता भएका देवानी तथा फौजदारी मुद्दामध्ये प्रतिउत्तर नपरी एकतर्फी कारवाही भई अंग पुगेका मुद्दाको पेशी र सुनुवाई गर्ने,

४. नेपाल सरकार वादी भएका फौजदारी मुद्दाहरूमध्ये थुनुवा प्रतिवादी भएका अंग पुगेका मुद्दाहरूको पेशी र सुनुवाई गर्ने,

५. नेपाल सरकार वादी भएका अंग पुगेका फौजदारी मुद्दाहरूमा कुनै प्रतिवादी थुनामा र कुनै प्रतिवादी तारिखमा रहेकोमा तारिखमा रहेको प्रतिवादी उपस्थित भई पेशी तारिखमा बसेमा पेशी र सुनुवाई गर्ने,

६. सरकारवादी फौजदारी मुद्दामा फरार प्रतिवादी प्रहरीबाट पक्राउ परी PCR Report Negative सहित उपस्थित गराइएमा बयान र थुनछेक आदेश गर्ने,

७. धरौटी रकम तथा फैसला वा आदेशानुसार क्षतिपूर्ति भराई पाऊँ भन्ने निवेदन दर्ता र सो सम्बन्धी कारवाही गर्ने,

८. दशीको सामान फिर्ता पाऊँ भन्ने निवेदन दर्ता र सो को कारवाही गर्ने,

९. तहसिल शाखातर्फको जिन्सीको लिलाम, जिन्सीको सामान फिर्ता सम्बन्धी निवेदन दर्ता र सोको कारवाही गर्ने,

१०. उल्लिखित सेवाहरू संचालन गर्दा सेवाग्राहीबाट लिइने फिरादपत्र, निवेदन तथा तारिखको सेवा अनिवार्य रूपमा सम्बन्धित फाँटको झ्यालतर्फको काउन्टरबाट मात्र संचालन गरिने,

११. उल्लिखित सेवा लिन आउने सेवाग्राहीले स्वास्थ्य सुरक्षा सम्बन्धी निर्धारित मापदण्डको पालना गर्ने र अदालतको मूलद्वारमा उपलब्ध गराइएको साबुन पानीले अनिवार्य रूपमा हात धोएर मात्र प्रवेश गर्नुपर्ने,

१२. तारिख दिने सम्बन्धी कार्य खुला भएपछि सो सम्बन्धी छुट्टै सूचना प्रकाशित गरी जानकारी गराईनेछ।

१३. यस अदालतबाट हुने सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा, रिट तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद र तारिख गुज्रने छैन।

तहसीलदार